भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २४औं बैठक
मिति : २०८१/०२/०४ गते

# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २४औं बैठकका छलफलका कार्यसूची

मिति : २०८१/०२/४ गते

समय : विहान ८:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

२) आ.व २०८१/०८२ को बजेट तथा कार्यक्रमको कार्यतालिका सम्वन्धमा ।

३) सातदोवाटो सर्पिंग कम्प्लेक्स भवनको प्रस्ताव स्वीकृति तथा ठेक्का बन्दोबस्त सम्वन्धमा ।

४) सातदोवाटो बहुउदेश्यीय भवन अगाडि ह्युमपाईप राखेको खर्च सम्वन्धमा ।

५) सिसिटिभी क्यामरा जडानको बहुवर्षीय खरिद योजना, लागत अनुमान तथा खरिद प्रक्रिया स्वीकृत सम्वन्धमा ।

६) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८१ र अनुगमन तथा मूल्यांकन कार्यविधि, २०८१ स्वीकृत सम्वन्धमा ।

७) भीमेश्वर नगरपालिका वडा नं.६ स्थित झुलेखोला क्षेत्रमा रहेको पर्तीजग्गा तथा उक्त जग्गामा निर्माण भएको २ तले पक्की भवन सशस्त्र प्रहरी बल, नं. १८ गुल्म, हे.क्वा. चरिकोट, दोलखालाई उपलव्ध गराउने सम्वन्धमा ।

८) भीनपा २ का अर्जुन तामांगले २ नं. वडा कार्यालय, दोलखालाई जग्गा रजिष्ट्रेशन पास गरिदिने सम्वन्धमा ।

९) किड्नी डायलसिसको लागि विद्युत र खानेपानी व्यवस्थापन सम्वन्धमा ।

१०) थामी संग्रहालयको म्याद थप सम्वन्धमा ।

११) बारुण यन्त्र र व्याकहो लोडर सन्चालन कार्यविधि तयार गर्ने सम्वन्धमा ।

१२) मुहान दर्ता गर्ने सम्वन्धमा ।

१३) योजना रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २४औं बैठक
मिति : २०८१/०२/०४ गते

**निर्णय नं. १ :** यस नगरपालिकाको मिति २०८१ बैशाख ११ गते बसेको २३औं नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २ :** आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि तयार पारिएको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** नगर विकास कोषको ऋण सहयोगमा यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएको सातदोवाटो सपिंग कम्प्लेक्सबाट सार्वजनिक निजी साझेदारी मार्फत रोयल्टी/राजस्व संकलन गर्न सार्वजनिक निजी साझेदारी समितिबाट सिफारिस भई पेश भएको प्रस्ताव पत्र स्वीकृत गर्ने निर्णय गरियो र उक्त प्रस्ताव पत्रको अधिनमा रही रोयल्टी/राजस्व संकलन गर्नका लागि नगरपालिकाको तर्फबाट न्यूनतम् रोयल्टी/राजस्व रु ९,१०,७८५/२१ (नौ लाख दश हजार सात सय पचासी रुपैया एक्काईस पैसा मात्र) कायम गरी ठेक्का बन्दोबस्त गर्न प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोवाटो बहुउदेश्यीय भवनको भुई तलाको कालिन्चोक मावि तर्फ जाने सडकमा रहेको पुरानो ह्युमपाईपको साइज सानो भएको कारण जामभई सो भवनको भित्ता तर्फको मङ्गलबाट ओभरफ्लोको कारण बहुउदेश्यीय भवन र सपिंग कम्प्लेक्सको भुईतला डुवान भएकोले तत्काल ह्युम पाईप खरिद गरी व्यवस्थापन गर्नुपरेकोले संलग्न लागत ईष्टिमेट तथा प्राविधिक मूल्यांकन प्रतिवेदन बमोजिमको रकम खर्च रु १,६०,०००/- (एक लाख साठी हजार रुपैया मात्र) शीर्षक नं. १९० को सार्वजनिक निर्माण पुँजीगत सुधार तथा संरक्षण कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** भीमेश्वर नगरपालिका वडा नं. ३ र ६ स्थित चरिकोट बजार क्षेत्रको सुरक्षा, अनुगमन तथा सूचना अद्यावधिक गर्ने प्रयोजनका लागि भीमेश्वर नगरको मुख्य शहरी क्षेत्र, वडा कार्यालयहरु र पर्यटकीय क्षेत्रहरुमा सिसिटिभी क्यामरा जडान गर्दै जाने नीति अनुरुप पहिलो चरणमा पाटीखोला - बसपार्क क्षेत्र, चरिघ्यांग- बिचबजार- जिल्ला प्रहरी कार्यालय, पाटीखोला - मानेडाँडा - सिमपानी, सातदोबाटो - मानेडाँडा - विपि प्रतिष्ठान, शंखधरचोक - पुरानोबजार लगायत मुख्य क्षेत्रमा सिसिटिभी क्यामरा जडान कार्य अगाडि बढाउने र सो कार्यको लागि कार्यालयबाट तयार पारी पेश भएको लागत अनुमान रु ४२,६८,५७५/- (मुअकर समेत) स्वीकृत गर्ने निर्णय गरियो । यस कार्यका लागि आ.व. २०८०/०८१ मा विनियोजित बजेट अपुग देखिएकोले आगामी आ.व. २०८१/०८२ मा थप बजेट व्यवस्था गर्ने गरी बहुबर्षीय योजनाको रुपमा समावेश गर्ने र उक्त कार्य उच्च प्रविधियुक्त कार्य भएकोले एक चरण दुई खाम (आर्थिक तथा प्राविधिक प्रस्ताव) प्रणालीद्वारा खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस नगरपालिकाको तपसिलका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८१

ख) अनुगमन तथा मूल्यांकन कार्यविधि, २०८१

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

२०७३

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २४औं बैठक

मिति : २०८१/०२/०४ गते

निर्णय नं. ७ : यस नगरपालिका वडा नं. ३ स्थित साविक सहकारी डिभिजन कार्यालय बसेको भवन सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखालाई कार्यालय सन्चालन गर्न व्यवस्था मिलाईएकोमा हाल सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखालाई कार्यालय सन्चालन गर्न जग्गा पर्याप्त नभएकोले यस नगरपालिका वडा नं. ६ (साविक चरिकोट गा.वि.स. ५) को कि.नं. ४, क्षेत्रफल ९००० व.मी. भएको पर्ती जग्गा र सो जग्गामा भीमेश्वर नगरपालिकाद्वारा निर्माण गरिएको दुई तल्ले पक्की भवन १ (एक), कम्पाउण्ड समेत सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखाको कार्यालय स्थानान्तरणका लागि भीमेश्वर नगरपालिका वडा नं. ६ र मिति २०८१/०१/३० गते बसेको सर्वदलीय/ सर्वपक्षीय बैठकबाट सिफारिस भई आए बमोजिम उल्लेखित कि.नं. र क्षेत्रफल भएको जग्गा सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखालाई भोगाधिकार प्राप्त गर्न सिफारिस तथा सहजीकरण गर्ने निर्णय गरियो । साथै भीमेश्वर नगरपालिकाद्वारा कि.नं. ४, क्षेत्रफल ९००० व.मी. मा निर्मित दुई तले पक्की भवन १ (एक) सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखालाई उपलव्ध गराउने र हाल सशस्त्र प्रहरी बल, नं. १८ गुल्म हे.क्वा. चरिकोट, दोलखाले कार्यालय सन्चालन गरेको साविक डिभिजन सहकारी कार्यालय, दोलखा र जिल्ला प्राविधिक कार्यालय, दोलखाको जग्गा तथा भवन भीमेश्वर नगरपालिकाले उपयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : यस नगरपालिका वडा नं. २ बस्ने पासांग तामांगको छोरा वर्ष ३५ को अर्जुन तामांगले साविक दोलखा गाविस वडा नं. ३ को कि.नं. ६२७, क्षेत्रफल २७८ व.मी. भएको जग्गा निशुल्क रुपमा भीमेश्वर नगरपालिका वडा नं. २ लाई रजिष्ट्रेशन पास गरी उपलव्ध गराउन निवेदन दर्ता गराउनु भएकोले उक्त कि.नं. र क्षेत्रफलको जग्गा बाल कक्षा सन्चालन गर्ने प्रयोजनको लागि सो जग्गा रजिष्ट्रेशन पास गरी लिने कार्यका लागि वडा नं. २ का वडा सचिव बिना श्रेष्ठलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : दोलखा जिल्ला सदरमुकाम चरिकोटस्थित पशुपति चौलागाईं स्मृति अस्पतालमा यस नगरपालिकाको पहलमा हालै जडान गरिएको किड्नी डायलसिस मेशिन सन्चालन गर्न आवश्यक विद्युत तथा खानेपानी लगायत व्यवस्थापनका लागि रु ३,३९,०००/- (तीन लाख उनन्चालीस हजार मात्र) शीर्षक नं. १९० को सार्वजनिक निर्माण पुँजीगत सुधार तथा संरक्षण कार्यक्रमबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : यस नगरपालिका वडा नं. १ राङराङथली स्थित निर्माणाधीन थामी संग्रहालयको निर्माण कार्य भईरहेको र कार्यालयबाट पेश भए बमोजिम बाँकी काम सम्पन्न गर्नको लागि मिति २०८१ जेष्ठ मसान्तम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २४औं बैठक
मिति : २०८१/०२/०४ गते

निर्णय नं. ११ : भीमेश्वर नगरपालिकाको विपदजन्य कार्यमा प्रयोग हुने बारुण यन्त्र र ब्याकहो लोडरको सन्चालन कार्यविधि एवम् रात्रिकालीन ड्युटीमा खटिने जनशक्ति, तथा अग्नि नियन्त्रक (Fire Fighter) को सुविधा सम्वन्धी मापदण्ड तयार गर्न तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने र गठित समितिले १५ (पन्ध्र) दिनभित्रमा प्रतिवेदन तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | तारानाथ चौलागाईं, प्रवक्ता/वडा अध्यक्ष, वडा नं. ४ |
| सदस्य | बिनोद तामांग, वडा अध्यक्ष, वडा नं. ७ |
| सदस्य | हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३ |
| सदस्य | किरण वली, कार्यपालिका सदस्य |
| सदस्य | माधव प्रसाद सुवेदी, शाखा अधिकृत |
| सदस्य | ज्ञानु कुमार खड्का, शाखा अधिकृत |
| सदस्य | केदार प्रसाद घिमिरे, सहायक लेखाअधिकृत |
| सदस्य सचिव | ई. सुरेश राउत, ईन्जिनियर (विपद व्यवस्थापन फोकल पर्सन) |

निर्णय नं. १२ : जलस्रोत ऐन, २०७९ बमोजिम यस नगरपालिका अन्तर्गत रहेको जल उपयोग व्यवस्थापन समितिको मिति २०८१/०१/३० को निर्णय अनुसार तपसिलका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको मुहान दर्ताका लागि सिफारिस भई आएकोले उल्लेखित समितिहरुको मुहान दर्ता गर्ने निर्णय गरियो ।

तपसिल

१) कात्तिके डाँडाघरे खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा १
२) नागदह खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा २
३) ढाँडे सिंहदेवी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ८
४) लप्चे गुम्बा लामा संघ खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ८
५) लप्से कुलामुनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ८
६) काँडाघारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ९

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

मालवर नगरपालिका
नगर कार्यपालिकाको २४औं बैठक
मिति : २०८१/०२/०४ गते

निर्णय नं. १३ : चालु आ.व. २०८०/०८१ को तपसिल बमोजिमका स्वीकृत कार्यक्रम/ आयोजनाहरु विविध कारणले कार्यान्वयन हुन नसकी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

वडा नं. ३

| ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| ३११ | सडक बत्ती मर्मत तथा जडान | २,५०,०००/- | बिच बजार खोल्सी बाटो निर्माण | २,५०,०००/- |

वडा नं. ७

| ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| ४१९ | महिला आयआर्जन कार्यक्रम | ३,००,०००/- | होप मसानघाट निर्माण | ३,००,०००/- |

वडा नं. ८

| ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| ४५१ | विद्यार्थी सिकाई उपलव्धी कार्यक्रम लामीडाँडा प्रावि | ३,००,०००/- | दोभान पांगलिङ गोरेटो बाटो निर्माण | ३,००,०००/- |

वडा नं. ९

| ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| | दारेगौडा खेल मैदान स्तरोन्नति | ५,००,०००/- | गोरेटो बाटो निर्माण तथा झोलुंगे पुल मर्मत | ४,००,०००/- |
| | | | प्रदेशस्तरीय फूटबल प्रतियोगिता प्रथम पुरस्कार हासिल गर्ने क्लब नगद प्रोत्साहन | १,००,०००/- |

विश्वकसन ढकाल
प्रमुख प्रशासकीय अधिकृत